# नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड
# Nerude Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**Head Office :** Biratnagar-3,Morang
**Phone No :** 021-462101 , 462321
**Web :** www.nerude.org.np,
**E-mail :** nerude@wlink.com.np


## UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

As at 2nd. Quarter ( Poush End 2077) of the Fiscal Year 2077/78

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | Total Capital & Liabilities (1.1 to 1.7) | 7796936.24 | 6644535.52 | 6230099.20 |
| 1.1 | Paid-up Capital | 457294.05 | 457294.05 | 397647.00 |
| 1.2 | Reserves and Surplus | 681331.34 | 468096.00 | 463475.83 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 3350524.28 | 2539563.51 | 2477060.82 |
| 1.5 | Deposits (a+b) | 2454777.91 | 2260608.01 | 2147404.59 |
| | a. Domestic Currency | 2454777.91 | 2260608.01 | 2147404.59 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 953.85 | 558.74 | 1357.29 |
| 1.7 | Other Liabilities | 852054.81 | 918415.21 | 743153.67 |
| 2 | Total Assets (2.1 to 2.7) | 7796936.24 | 6644535.52 | 6230099.20 |
| 2.1 | Cash & Bank Balance | 287998.00 | 226770.75 | 550060.17 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | 162010.00 | 162010.00 | 112010.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 6973856.40 | 5905982.90 | 5317661.90 |
| | a. Real Estate Loan | 0.00 | 0.00 | 0.00 |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 6973856.40 | 5905982.90 | 5317661.90 |
| 2.5 | Fixed Assets | 79380.61 | 75519.26 | 84285.42 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 293691.23 | 274252.61 | 166081.71 |
| 3 | Profit and Loss Account | | | |
| 3.1 | Interest income | 435472.36 | 193944.73 | 461360.66 |
| 3.2 | Interest Expense | 187463.89 | 97693.35 | 240921.26 |
| A | Net Interest Income (3.1-3.2) | 248008.47 | 96251.39 | 220439.40 |
| 3.3 | Fees Commission and Discount | | | 584.55 |
| 3.4 | Other Operating Income | 206047.83 | 58254.69 | 90159.03 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| B | Total Operating Income (A+3.3+3.4+3.5) | 454056.30 | 154506.08 | 311182.98 |
| 3.6 | Staff Expenses | 168876.20 | 71915.87 | 163043.87 |
| 3.7 | Other Operating Expenses | 42589.04 | 14364.94 | 34572.91 |
| C | Operating profit Before Provision (B-3.6-3.7) | 242591.07 | 68225.27 | 113566.21 |
| 3.8 | Provision for Possible Loss | 124768.57 | 50090.61 | 17527.22 |
| D | Operating profit (C-3.8) | 117822.50 | 18134.66 | 96038.99 |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | | | |
| E | Profit From Regular Activities (D+3.9+3.10) | 117822.50 | 18134.66 | 96038.99 |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| F | Profit Before Bonus and Taxes (E+3.11) | 117822.50 | 18134.66 | 96038.99 |
| 3.12 | Provision For Staff Bonus | 11782.25 | 1813.47 | 9603.90 |
| 3.13 | Provision For Tax | 31812.08 | 4896.36 | 25930.53 |
| G | Net Profit/Loss (F-3.12 -3.13) | 74228.18 | 11424.83 | 60504.56 |
| 4 | Ratios | | | |
| 4.1 | Capital Fund to RWA | 10.27% | 9.74% | 15.14% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.27% | 4.71% | 2.10% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 36.72% | 42.04% | 60.19% |
| 4.4 | Cost of Funds | 5.97% | 6.46% | 10.25% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 284.09% | 261.26% | 247.63% |

*Note :– If the statutory and supervisory authority notify any remarks to change, the unaudited Financial Statements could change accordingly.*

| Interest Rate | |
|---|---|
| Deposits : 3% to 10.50% | Loan & Advance : 15% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

### आ.व. २०७७/०७८ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण : यस वित्तीय संस्थाको दोस्रो त्रैमासिक अवधिसम्मको अपरिष्कृत (ग्लबगमष्तभम) वासलात, नाफा नोक्सान हिसाब सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी (वार्षिकीकरण गरिएको) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ३२।४६ | ३७।८६ | २४८।९९ | १७०५।०२ | ४।९६ |

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९)को प्रभावका कारण गत त्रैमाससम्म संस्थाको मौज्दात,आम्दानी र तरलता व्यवस्थापन आंकलन गरे अनुरुप नरहेकोमा क्रमश :कोरोना भाइरसको प्रभाव कम हुँदै गएकोले केन्द्र वैठक संचालन,किस्ता असुली, कर्जा लगानी,कार्यक्रम विस्तार आदि कार्यहरु नियमित संचालन भएसंगै यस त्रैमासमा संस्थाको मौज्दात,आम्दानी र तरलता व्यवस्थापनमा सकारात्मक वृद्धि हुँदै गएको छ। व्यवसायिक योजना अनुसार उपलव्धी हासिल गर्न नँया शाखा कार्यालयहरुको स्थापना गर्ने कार्य भइरहेको तथा कर्जामा देखिएको विद्यमान जोखिमलाई व्यवस्थापन गर्दै जान आवश्यक प्रयासहरु भइरहेका छन।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले आफ्नो स्थापनाकालदेखि नै गरिबी न्यूनिकरण गर्ने उद्देश्यले नेपाल अधिराज्यभरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडि बढिरहेको छ। ग्राहक सदस्यहरुको चाहना बमोजिम आफुले प्रदान गर्ने सेवालाई समय सापेक्ष परिष्कृत गर्दै लैजान संस्थाको व्यवस्थापन पक्ष प्रतिबद्ध रहेको छ। संस्थाले हाल देशका ३१ वटा जिल्लाको विभिन्न स्थानहरुमा ९२ वटा शाखा तथा उपशाखा कार्यालयहरु मार्फत १,४२,६५३ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। यस संस्था नविनतम् प्रविधिको प्रयोग गरी छिटो छरितो र विश्वसनीय सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। यस संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय, लघुउद्यम आदि परियोजनाहरु संचालनको लागि विशेष गरी विपन्न वर्गका महिलालाई केन्द्रित गरेर उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ। माहामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारणले यस क्षेत्रमा परिरहेको असरलाई सामना गर्न वित्तीय संस्थाले लक्षित सदस्यहरुलाई आय आर्जनका लागि छिटो छरितो र सुलभ दरमा नियमित तथा आपतकालिन कर्जाहरु उपलब्ध गराउने, वित्तीय साक्षरता प्रदान गर्दै ऋण असूलीलाई प्रभावकारी बनाउने र संचालन खर्च कम गर्ने साथै नेपाल सरकार तथा नियामक निकायहरुवाट प्राप्त निर्देशन बमोजिम रणनीति तथा योजना निर्माण गरी सोही अनुसार कार्य गर्दै आएकोमा सोलाई निरन्तरता दिई विद्यमान परिस्थितीमा अघि बढ्दै जाने योजना बनाएको छ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण उत्पन्न परिस्थितीले पर्ने प्रतिकुल असर साथै लघुवित्त क्षेत्रको लागि श्रोतको परनिर्भरता, बैंक तथा वित्तीय संस्थाहरुको ब्याजदरमा उतार चढाव, लघुवित्त संचालनको बढ्दो लागत, लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा र कर्जाको दोहोरोपना आदि कारणले संस्थाको कारोबारलाई असर पर्न सक्छ, तथापी संस्थाले तय गरेको कुशल कार्यनीतिका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन। हालको असहज अवस्था सामान्यीकरण हुँदै गएको तथा कारोबारहरुमा समेत वृद्धि भई क्रमशः कार्यक्रम पूर्ववत अवस्थामा आउने क्रममा रहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस त्रैमासिक अवधिमा संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको विरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन।

(ख) संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) धितोपत्र बजारमा हुने शेयर कारोबार सम्वन्धमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचीकृत भई सन्तोषजनक कारोबार भईरहेको छ।

(ख) यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोबार निम्नानुसार भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| १२२९ | ७२५ | १२२९ | ५८ | ११,०४,८९६ |

५. **समस्या तथा चुनौती :**

विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण उत्पन्न परिस्थितीले गरेको प्रतिकुल असर साथै कार्यक्षेत्रमा लघुवित्त वित्तीय संस्थाहरुको बाक्लो उपस्थिती तथा अस्वस्थ प्रतिस्पर्धाले कर्जाको दोहोरोपनामा बृद्धि भैरहेको हुँदा गुणस्तरीय कारोबार गर्न साथै यातायात, कल कारखाना र व्यापार व्यवसायहरु पुर्ववत् अवस्थामा संचालनमा आइनसकेकोले नियमित रुपमा वित्तीय कारोबारहरु हुन नसकेको हुंदा आगामी दिनमा समग्र लघुवित्त कार्यक्रमलाई पुर्ववत् अवस्थामा निरन्तरता दिन र थप कार्यक्रमहरु विस्तार गरी अघि बढ्न चुनौती महसुस गरिएको छ। प्राकृतिक प्रकोप, अस्थिर आर्थिक अवस्था, मूल्य वृद्धि, भौगोलिक विकटताले कर्मचारी उत्पादकत्वमा कमी, शान्ति सुरक्षा, कर्मचारीहरुको वढ्दो संस्था छाड्ने प्रवृत्ति,सक्षम कर्मचारीको अभाव, लघुवित्त संचालनको बढ्दो लागत, लघुवित्तले लिने व्याजदरको सिमा र बैंक तथा वित्तीय संस्थाहरुवाट लिइने कर्जाको ब्याजदरमा हुने उतार चढाव यस वित्तीय संस्थाको थप समस्या तथा चुनौतीको रुपमा रहेका छन्।

६. **संस्थागत सुशासन :**

नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरुः कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ। संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, व्यवस्थापन सूचना प्रणाली नीति, जोखिम व्यवस्थापन निर्देशिका, लगानी नीति, समुह व्यवस्थापन कर्जा बचत तथा कोष नीति, धितो कर्जा नीति र कर्जा असुली नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ। आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकवाट समय समयमा हुने निरीक्षणबाट प्राप्त सुझावहरुको पूर्ण रुपमा पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ती शुद्धिकरण अनुगमन समिति र जोखिम व्यवस्थापन समिति सक्रिय रहेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।